**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

राष्ट्रपति द्रौपदी मुर्मु अफ्रीकाको दुई देशहरुको राजकीय यात्राको पहिलो चरणमा अंगोला पुग्नुभएको छ।

प्रधानमंत्री नरेंद्र मोदी आज उत्तराखंड राज्यको गठनको रजत जयंती समारोहमा भाग लिन देहरादून जानुहुनेछ अनि लगभग आठ हजार करोड़ रुपियाँ भन्दा अधिकको विभिन्न विकास परियोजनाहरुको लोकार्पण अनि शिलान्यास गर्नुहुनेछ।

प्रधानमन्त्री नरेन्द्र मोदी ११ नोभेम्बर देखि दुई दिने भुटानको भ्रमणमा जानुहुनेछ ।

भारत अनि न्यूजील्याण्ड बीच स्वतन्त्र व्यापार सम्झौताको चौथो चरणको वार्ता समाप्त भएको छ।

कतारको दोहामा जारी विश्व स्नुकर च्याम्पियनसिपको पहिलो चरणमा पंकज आडवाणीले क्यानडाका साहिल नय्यरलाई ४-१ ले पराजित गरेका छन्।

**राष्ट्रपति - अफ्रीका यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मु अफ्रीकाको दुई देशहरुको राजकीय यात्राको पहिलो चरणमा अंगोला पुग्नुभएको छ। उहाँ भारतीय समयानुसार हिज राती 11 बजे राजधानी लुआंडा पुग्नुभयो। यो कुनै पनि भारतीय राष्ट्राध्यक्षको अंगोलाको पहिलो राजकीय यात्रा हो। दुवै देशले यस वर्ष राजनयिक सम्बन्धहरुको 40औ वर्षगांठ मनाईरहेको छ। यसैले यो यात्रा महत्वपूर्ण छ। यस वर्ष दुवै देशहरु बीच यो दोस्रो उच्च स्तरीय बैठक हो। यसभन्दा पुर्ब मई महिनामा अंगोलाका राष्ट्रपतिले नयाँ दिल्लीको भ्रमण गर्नुभएको थियो। आज राष्ट्रपति मुर्मुले लुआंडा स्थित राष्ट्रपति भवनमा अंगोलाका राष्ट्रपति जोआओ मैनुअल गोंजाल्विस लौरैंको सित द्विपक्षीय वार्ता गर्नुहुनेछ। त्येस पछि दुवै देशले आपस्तको हितका मुद्दाहरु सित सम्बन्धित समझौता ज्ञापनहरु माथि हस्ताक्षर गर्न सक्नेछन्। यस वार्तामा यस वर्ष मई महिनामा नयाँ दिल्लीमा भएको पछिल्लो उच्च स्तरीय वार्तामा दुवै देशहरु चर्चा गरिएको मुद्दाहरुलाई अघि बढ़ाउने संभावना छ।राष्ट्रपति मुर्मु मंगलवार सम्म अंगोलामा रहनुहुनेछ अनि अंगोलाको स्वतंत्रताको 50औ वर्षगांठ समारोहमा भाग लिनुहुनेछ। उहाले अंगोलाको संसदलाई पनि संबोधित गर्नुहुनेछ अनि अंगोलामा भारतीय समुदायसित बातचीत गर्नुहुनेछ। यस यात्राको अवधि अंगोलाक अन्य धेरै गणमान्य व्यक्तिहरु सित पनि राष्ट्रपतिले भेट गर्नुहुने संभावना छ। आगामी11 देखि 13 नवंबर सम्म , राष्ट्रपति मुर्मु आफ्नो यात्राको दोस्रो चरणमा बोत्सवाना जानुहुनेछ अनि बोत्सवानाका राष्ट्रपति डूमा बोको सित द्विपक्षीय वार्ता गर्नुहुनेछ। यसमा व्यापार अनि निवेश, प्रौद्योगिकी, ऊर्जा, कृषि, स्वास्थ्य, फार्मास्यूटिकल्स, रक्षा अनि मानिसहरु बीच सम्बन्ध जस्ता क्षेत्रहरुमा द्विपक्षीय सहयोग बढ़ाउने नयाँ मार्गहरु खोजिनेछ।

**प्रधानमंत्री-देहरादून**

प्रधानमंत्री नरेंद्र मोदी आज उत्तराखंड राज्यको गठनको रजत जयंती समारोहमा भाग लिन देहरादून जानुहुनेछ। प्रधानमंत्रीले यस अवसरमा एक स्मारक डाक टिकट जारी गर्नुहुनेछ। श्री मोदीले एक सभालाई पनि संबोधित गर्नुहुनेछ।

प्रधानमंत्रीले लगभग आठ हजार करोड़ रुपियाँ भन्दा  अधिकको विभिन्न विकास परियोजनाहरुको लोकार्पण अनि शिलान्यास गर्नुहुनेछ । यी परियोजनाहरुमा पिउने पानी , सिंचाई, तकनीकी शिक्षा, ऊर्जा, शहरी विकास, खेल अनि कौशल विकास सहित बिभिन्न प्रमुख क्षेत्र सामेल छन् ।प्रधानमंत्री पीएम फसल बीमा योजना अंतर्गत 28 हजार भन्दा अधिक कृषकहरुको बैंक खातामा 62 करोड़ रुपियाँको सहायता राशि पनि  हस्तांतरित गरिनेछ । प्रधानमंत्री द्वारा आज जुन परियोजनाहरुको उद्घाटन गरिनेछ त्येसमा अमृत योजना अंतर्गत देहरादून जलापूर्ति सुविधा, पिथौरागढ़ जिल्लामा विद्युत सबस्टेशन, सरकारी भवनहरुमा सौर ऊर्जा संयंत्र अनि नैनीतालको हल्द्वानी स्टेडियममा एस्ट्रोटर्फ हॉकी मैदान आदि सामेल छन् ।श्री मोदीले जल-क्षेत्र सित सम्बन्धित दुई वटा प्रमुख परियोजनाहरु  - सोंग बांध पेयजल परियोजना अनि नैनीतालमा जमरानी बांध बहुउद्देशीय परियोजनाको शिलान्यास गर्नुहुनेछ । अन्य परियोजनाहरुमा विद्युत सबस्टेशन, चंपावतमा महिला खेल महाविद्यालयको स्थापना अनि नैनीतालमा अत्याधुनिक डेयरी प्लांट सामेल छन् ।

## प्रधानमंत्री-भूटान यात्रा

प्रधानमन्त्री नरेन्द्र मोदी ११ नोभेम्बर देखि दुई दिने भुटानको भ्रमणमा जानुहुनेछ  । भ्रमणका क्रममा  श्री  मोदी र भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुकले एक हजार बीस मेगावाट क्षमताको पुनात्साङछु -द्वितीय जलविद्युत परियोजनाको उद्घाटन गर्नुहुनेछ। भारत र भुटानले संयुक्त रुपमा यो परियोजना विकास गरेका हुन् । प्रधानमन्त्री भुटानका चौथो राजा जिग्मे सिङ्ये वाङचुकको ७०औँ जन्मजयन्तीका अवसरमा आयोजित समारोहमा सहभागी हुनुका साथै भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेसँग भेट गर्नुहुनेछ ।  श्री मोदीले     वैश्विक शांति प्रार्थना समारोहमा हिस्सा लिनु हुनेछ अनि  थिम्पूको ताशीछोद्ज़ोंगमा पवित्र अवशेषहरुको पूजा-अर्चना गर्नु हुनेछ। विदेश मंत्रालयले भनेको छ कि प्रधानमंत्रीको यात्रा दुवै देशहरुको बीच द्विपक्षीय साझेदारीलाई बढ़ाउनु अनि मजबूती प्रदान गर्नलाई  तौर-तरीकामा  विचार गर्नु तथा आपसी हितहरुको क्षेत्रीय अनि व्यापक मुद्दामा विचारहरुको आदान-प्रदान गर्ने अवसर प्रदान गर्नेछ|

## भूटान बुद्ध अवशेष

भारतबाट लागिएको भगवान बुद्धका पवित्र अवशेषहरुको एक अंश भूटानको राजधानी थिम्पूको  प्रमुख मठ, ताशिछोद्ज़ोंगमा  स्थापित गरिएको छ । यो  मठ भूटानको सर्वोच्च आध्यात्मिक अनि राजनीतिक संस्थाहरुको केंद्र हो । थिम्पूमा भारतीय दूतावासका अनुसार,  भूटानका प्रधानमंत्री छेरिंग तोबगे,  अन्य  मंत्रीहरु अनि  केंद्रीय मठका वरिष्ठ लोपेन,  भारतका सामाजिक न्याय अनि अधिकारिता मंत्री वीरेंद्र कुमार यस समारोहमा सामेल भए । यो  समारोह प्रधानमंत्री नरेंद्र मोदीको आगामी मंगलवारदेखि शुरू हुने दुई दिने भूटान यात्रा भन्दा पहिला भएको छ । थिम्पू स्थित भारतीय दूतावासले सोशल मीडिया पोस्टमा भनेको छ कि भगवान बुद्धका  पवित्र अवशेषहरुलाई पारंपरिक चिपड्रेल शोभायात्रा,  प्रार्थनाहरु ,  समारोहहरु अनि गार्ड ऑफ ऑनरको साथमा ताशिछोद्ज़ोंगको ग्रैंड कुएनरे हॉलमा  स्थापित गरिएको छ । संस्कृति मंत्रालयले भनेको छ कि यी अवशेषहरु 8  देखि 18  नवंबर सम्म  थिम्पूमा  सार्वजनिक प्रदर्शनको लागि राखिनेछ । यो भारत अनि भूटान बीच गहिरो  आध्यात्मिक संपर्कको प्रतीक हो । यी अवशेषहरुलाई    'भगवान बुद्धको पिपरहवा अवशेष'   भनिन्छ । यसलाई नयाँ  दिल्लीको राष्ट्रीय संग्रहालमा राखिएको छ  । यो पवित्र अवशेष दोस्रो पल्ट भारत देखि भूटान पठाईएको हो ।

## भारत–न्यूज़ीलैंड–मुक्त व्यापार

भारत अनि न्यूजील्याण्ड बीच स्वतन्त्र व्यापार सम्झौताको चौथो चरणको वार्ता समाप्त भएको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले वस्तु तथा  सेवाको व्यापार,  आर्थिक सहयोग र उत्पत्तिको नियम जस्ता महत्वपूर्ण विषयमा छलफल भएको जनाएको छ । दुवै पक्षले छलफल फलदायी भएको र बलियो,  आधुनिक र सन्तुलित व्यापार साझेदारीको साझा लक्ष्यलाई प्रतिबिम्बित गरेको उल्लेख गरेका छन्। वाणिज्य र उद्योग मन्त्री पीयूष गोयल र न्यूजील्याण्डका व्यापार मन्त्री टोड म्याक्लेले

अहिलेसम्म भएको प्रगतिको स्वागत गर्नु भएको छ। सम्झौताले व्यापारलाई बढावा दिन, लगानी आकर्षित गर्न, आपूर्ति श्रृंखलालाई सुदृढ गर्न तथा दुई देशका व्यवसायका लागि राम्रो बजार पहुँच प्रदान गर्न सहयोग पुग्ने उहाले बतउनु भयो । मन्त्रालयले भनेको छ ,प्रस्तावित स्वतन्त्र व्यापारले कृषि, खाद्य प्रशोधन, नवीकरणीय ऊर्जा, फार्मास्यूटिकल्स, शिक्षा र सेवा जस्ता क्षेत्रहरूमा नयाँ अवसरहरू खोल्ने अपेक्षा गरिएको छ। दुवै देशहरू थप बैठकहरू र प्राविधिक संलग्नताहरूको माध्यमबाट यस गतिलाई कायम राख्न सहमत भएका छन्। दुवै पक्षको फाइदाका लागि स्वतन्त्र व्यापार सम्झौतालाई शीघ्र सम्पन्न गर्ने प्रतिबद्धता पनि दोहोर्याइयो।

**गोयल-यात्रा**

केंद्रीय वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भारत अनि ऑस्ट्रेलिया बीच एक संतुलित तथा पारस्परिक रूपमा **लाभकारी व्यापक आर्थिक सहयोग समझौता** - सी.ई.सी.ए लाई चाडै पूरा गरिएकोमा ऑस्ट्रेलिया प्रति आफ्नो प्रतिबद्धता दोहोर्याउनु भएको छ । श्री गोयलले ऑस्ट्रेलियाको मेलबर्नमा व्यापार अनि पर्यटन मंत्री डॉन फैरेल साथै कौशल तथा प्रशिक्षण मंत्री एंड्र्यू जाइल्ससित द्विपक्षीय वार्ताको अवधि यसो भन्नुभएको हो ।

**जीएसटी- फुटवेयर**

नरेन्द्र मोदी सरकार द्वारा बिभिन्न क्षेत्रहरुमा जीएसटी दरमा कटौती पछि गत 22 सितंबरमा शुरू गरिएको जीएसटी बचत उत्सव द्वारा देश भरिकै नागरिकहरुलाई लाभ पुगिरहेको छ । यसै क्रममा आज हामी बताउने छौ कि कसरी फुटवेयर क्षेत्रमा नयाँ जीएसटी दरले नागरिकहरुलाई सहयोग पुर्याई रहेको छ । एक रिपोर्ट-

BYTE

**नागर विमानन - एटीसी**

नागर विमानन मंत्री राममोहन नायडूले हिज नयाँ दिल्लीमा एयर ट्रैफिक कंट्रोल - एटीसी टॉवरको भ्रमण गरेर सामान्य परिचालनको समीक्षा गर्नुभयो । दिल्ली हवाई अड्डामा एटीसी संदेश प्रणालीमा गत 6 नवंबरमा एक तकनीकी खराबी आएको थियो । उहाले समस्याको समाधानको लागी रात भरी काम गर्ने दलको प्रतिबद्धताको प्रशंसा गर्नुभयो । यस समस्याको कारण 46 उड़ानहरुको परिचालनमा ढिलाई भए पछि रद्द गर्नु परेको थियो । भारतीय विमानपत्तन प्राधिकरण, हवाई परिचालन सेवा अनि भारतीय इलेक्ट्रॉनिक्स निगम लिमिटेडको दलले समस्याको समाधान गर्न चौबीसै घण्टा काम गरे ।श्री नायडूले भविष्यमा यस्तो गड़बड़िहरुलाई रोक्नको लागि विस्तृत विश्लेषण गर्ने निर्देश दिनुभएको छ । उहाले अधिकारिहरुको एटीसी संचालनलाई बलियो बनाउनको लागि सुधार योजना बनाउने पनि निर्देश दिनुभयो ।

**विश्व स्नुकर च्याम्पियनसिप**

कतारको दोहामा जारी विश्व स्नुकर च्याम्पियनसिपको पहिलो चरणमा पंकज आडवाणीले क्यानडाका साहिल नय्यरलाई ४-१ ले पराजित गरेका छन् । आडवाणीलाई समूह 'एच' को यो खेल जित्न कुनै समस्या थिएन । अब आडवाणीले मलेसियाका थोर चुआन लियोङसँग प्रतिस्पर्धा गर्नेछन् ।

****** ० ******